# उपभोक्ता समिति गठन र सञ्चालन निर्देशिका

२०६२

जिल्ला विकास समिति
धनकुटा

# उपभोक्ता समिति गठन र सञ्चालन निर्देशिका २०६२

**प्रस्तवना**

जिल्ला भित्रका विकास कार्यहरु र अवसरहरुको समान उपभोगको लागि सुशासन सहभागिता र पारदर्शितालाई कायम गर्दै विकास निर्माणका कार्यलाई चुस्त दुरुस्त एवं प्रभावकारी ढङ्गले कार्यान्वयन गर्ने कुरालाई ध्यानमा राखेर स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा २६५ उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी जिल्ला विकास समिति धनकुटाले यो उपभोक्ता समिति गठन तथा सञ्चालन निर्देशिका तयार गरी लागु गरेको छ ।

## परिच्छेद-१

**१.संक्षिप्त नाम र प्रारम्भ**

१.१ यस निर्देशिकाको नाम "उपभोक्ता समिति गठन र संचालन निर्देशिका २०६२" रहने छ ।

१.२ यो निर्देशिका जिल्ला विकास समितिवाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुने छ ।

**२. परिभाषा**

विषय वा प्रशङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

(क) "निर्देशिका " भन्नाले स्थानीय स्वायत्त शासन ऐन २०५५ दफा २६५ उपदफा (२) अनुसार जिल्ला विकास समिति धनकुटाले वनाएको "उपभोक्ता समिति गठन र सञ्चालन निर्देशिका २०६२" सम्झनु पर्दछ ।

(ख) "उपभोक्ता समूह" भन्नाले स्थानीय स्तरमा संचालन हुने योजना तथा कार्यक्रमवाट प्रत्यक्ष लाभ पाउने घर परिवारहरुको प्रतिनिधित्व हुने सदस्यको समूहलाई सम्झनु पर्दछ ।

(ग) "आर्थिक नियम" भन्नाले स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली २०५६ सम्झनु पर्दछ ।

(घ) "उपभोक्ता समिति" भन्नाले उपभोक्ता समूहहरुको भेलाले कार्यक्रमको तर्जुमा, सन्चालन, मर्मत सम्भार र सेवा संचालनका लागि समूहकै सदस्यहरु मध्येवाट छनौट गरी बनाइएको समितिलाई सम्झनु पर्दछ ।

(ङ) "योजना" भन्नाले वजेट कार्यक्रम, परियोजना तथा सो अन्तरगतका गतिविधि समेतलाई सम्झनु पर्दछ ।

(च) "गाविस" भन्नाले गाउँ विकास समिति सम्झनु पर्दछ ।

(छ) "स्थानीय निकाय" भन्नाले जिल्ला विकास समिति, नगरपालिका र गाउँ विकास समितिलाई सम्झनु पर्दछ ।

(ज) "जिविस" भन्नाले जिल्ला विकास समिति धनकुटालाई सम्झनु पर्दछ ।

## परिच्छेद-२

## निर्देशिकाको अवधारणा, लक्ष्य, उद्देश्य र नीति

**३. अवधारणा**

जिल्लामा सञ्चालन हुने विकास निर्माण सम्वन्धी योजना तथा अन्य कार्यक्रमहरुलाई पारदर्शि तवरले अत्याधिक जनसहभागितामा व्यवस्थित ढङ्गले संचालन गरी प्राप्त हुने उपलव्धिलाई समानुपातिक रुपमा सवै उपभोक्ताहरुले प्राप्त गर्न सक्ने वातावरण तयार गर्नु यस निर्देशिकाको अवधारणा हुनेछ ।

**४. लक्ष्य**

स्थानीय स्तरमा संचालन हुन योजना मध्ये रु.१० लाख सम्मका कार्यक्रम स्थानीय जनताको प्रत्यक्ष सरोकारसँग सम्वन्धित योजनाहरुलाई जनताको सहभागितामा जनताद्वारा नै सम्पन्न गराउन उपभोक्ता समिति गठन गरी उक्त समितिलाई स्थायित्व दिनु यस निर्देशिकाको लक्ष्य हुने छ।

**५. उद्देश्य**

यस निर्देशिकाका उद्देश्य देहाय अनुसार हुनेछन्।

५.१ योजना छनौट, कार्यान्वयन एवं मर्मत सम्भारका लागि अत्याधिक मात्रामा जनसहभागिता जुटाउने।

५.२ उपभोक्ता समितिमा लक्षित समुदायको समानुपातिक प्रतिनिधित्व गराउने।

५.३ योजना/कार्यक्रमलाई पारदर्शिपूर्ण ढङ्गले सम्पन्न गराउने।

५.४ योजनावाट प्राप्त हुने प्रतिफललाई लक्षित समुदायमा समानुपातिक रुपमा उपलव्ध गराउन सहयोग पुऱ्याउने।

५.५ उपभोक्ताहरुमा योजना/कार्यक्रम हाम्रा लागि हाम्रै सहभागितामा सम्पन्न गरी हामीले नै संरक्षण सम्वर्द्धन गर्नु पर्दछ भन्ने भावनाको विकास गराउन सहयोग पुऱ्याउने।

## परिच्छेद-३

## उपभोक्ता समितिको गठन सम्वन्धि

**६.उपभोक्ता समितिको गठन**

कुनै पनि योजना वा कार्यक्रमको पूर्व सम्भाव्य अध्ययन पश्चात सो योजना कार्यान्वयन गर्ने जि.वि.स., गा.वि.स. वा अन्य सरकारी/गैर सरकारी संघ संस्थाहरुवाट उपभोक्ता समिति गठन गर्ने प्रस्ताव गाउँ वस्तीमा सूचना दिएर उपभोक्ताहरुको आम भेलावाट गठन गर्न सकिने छ।

**७. उपभोक्ता समूहको पहिचान**

योजना तथा कार्यक्रमले प्रत्यक्ष लाभ पुऱ्याउने घरधुरी वा परिवार उपभोक्ता समूह भित्र पर्दछन् अत: उक्त घर परिवारको विवरण जनप्रतिनिधि, स्थानीय वुद्धिजिवी वा नागरिक समाजको सकृयतामा तयार गर्नु पर्दछ। साथै उपभोक्ता समूहमा आवद्ध गराउनु पर्दछ।

योजना तथा कार्यक्रमले प्रत्यक्ष लाभ पुऱ्याउने घरधुरी वा परिवारको लगत श्रोत नक्सा वा सामाजिक नक्साङ्कनबाट समेत तयार गर्न सकिने छ।

**८. उपभोक्ता समितिको गठन प्रक्रिया**

८.१ योजना तथा कार्यक्रमवाट प्रत्यक्ष फाइदा पुग्ने घरपरिवारको विवरण तयार भए पछि उक्त परिवारहरुवाट प्रतिनिधित्व हुने गरी सार्वजनिक स्थानमा भेला बोलाउनु पर्नेछ।

८.२ उक्त भेलामा छनौट भएको योजना वारे जानकारी दिनु पर्नेछ। योजनाको लागि अनुमानित बजेट, जनसहभागिता, योजनाको लक्ष्य, कार्य सञ्चालन गर्न लाग्ने अवधि आदि बारे स्पष्ट जानकारी गराइनु पर्दछ।

८.३ समूहको भेलामा कम्तीमा ८० प्रतिशत प्रतिनिधिहरुको उपस्थिति भएको हुनु पर्दछ।

८.४ सभामा उपस्थितहरुको संख्या माथिको वुँदा ६.३.३ अनुसारको गण पुरक संख्या भएको अवस्थामा सो भेलामा उपस्थित सदस्यहरु मध्येवाट समानुपातिक प्रतिनिधित्व गराई कार्य सञ्चालनलाई व्यवस्थित छिटो छरितो वनाउनका लागि एक उपभोक्ता समिति गठन गरिनु पर्दछ।

**९. समिति गठन गर्दा ध्यान दिनु पर्ने कुराहरु**

९.१ समितिको सदस्यहरु मध्ये सामान्यतया ३० (तिस) प्रतिशत महिलाको प्रतिनिधित्व हुनु पर्ने छ ।

९.२ समितिको अध्यक्षमा वहालवाला निर्वाचित जनप्रतिनिधि वस्न पाइने छैन ।

९.३ समितिको गठन जिल्ला विकास समिति वा गाउँ विकास समितिको प्रतिनिधिको रोहवरमा गर्नु पर्ने छ ।

९.४ उपभोक्ता समितिको गठन गर्दा ७ देखि ११ जना सम्मको बनाउन सकिने छ ।

९.५ उपभोक्ता समितिको सदस्य वा पदाधिकारीहरुको छनौट सकेसम्म सर्वसम्मत रुपमा गरिनु पर्दछ । यदि आवश्यक भन्दा वढी उम्मेदवार भएमा बहुमतको आधारमा छनौट गर्नु पर्नेछ । सो का लागि भेलाले वनाएको छनौट विधि प्रयोग गरिनु पर्दछ ।

९.६ उपभोक्ता समिति गठन प्रकृया विवाद भई गठन हुन नसकेमा वा समूहले चासो नदेखाएमा जि.वि.स.को प्रतिनिधिको प्रतिवेदन अनुसार सम्वन्धित निकायले अन्य प्रकृयावाट योजना सञ्चालन गर्ने छ वा अर्को उपभोक्ता समिति बनाउन सक्ने छ ।

९.७ उपभोक्ता समितिमा स्थानीय निकायमा कार्यरत कर्मचारीहरुलाई समावेश गर्न पाइने छैन ।

९.८ उपभोक्ता समितिमा दलित जनजातीको कम्तिमा ३० प्रतिशत प्रतिनिधित्व गराउनु पर्दछ ।

९.९ सवै पदाधिकारीको छनौट भएपछि निर्णय पुस्तिकामा निर्णय लेखि अभिलेख राख्नु पर्नेछ ।

**१० उपभोक्ता समितिमा सदस्य छनौट गर्दा ध्यान दिनु पर्ने कुराहरु**

१०.१ योजना क्षेत्रभित्र स्थायी रुपले वसोवास गर्ने उपभोक्ता मध्येको व्यक्ति हुनु पर्ने छ ।

१०.२ जिविकोपार्जनका लागि गाउँ छोड्न नपर्ने व्यक्ति हुनु पर्ने छ ।

१०.३ परिपक्व, सक्रिय र समितिको कामको लागि समय दिन सक्ने हुनु पर्ने छ ।

१०.४ उपभोक्ताहरुको आदर तथा विश्वास प्राप्त गर्न सक्ने हुनु पर्ने छ ।

१०.५ निर्माण तथा छनौट भएको योजना सम्वन्धि कार्यको व्यवस्थापन गर्न सक्ने अनुभवीलाई ग्राह्यता दिनु पर्ने छ ।

१०.६ जिम्मेवारी वहन गर्न सक्ने हुनु पर्नेछ ।

१०.७ समितिको कार्य सम्वन्धमा उपभोक्ताले वनाएको नियममा वसी कार्य गर्न प्रतिवद्ध भएको व्यक्ति हुनु पर्ने छ ।

१०.८ अन्य संघ संस्थाको पदाधिकारी भई जिम्मेवारी र समय अन्यत्र दिनु पर्ने व्यक्तिको छनौट गर्नु हुदैन ।

**११. उपभोक्ता समितिमा रहने पदको विवरण**

११.१ उपभोक्ता समितिमा निम्न बमोजिमका पदहरुमा उपभोक्ता भेलाले व्यक्तिहरुको छनौट गरी पदाधिकारीहरुद्वारा पद पूर्ति गर्न सक्ने छ ।

| | |
|---|---|
| (क) अध्यक्ष | (ख) उपाध्यक्ष |
| (ग) सचिव | (घ) कोषाध्यक्ष |
| (ङ) सहसचिव | (च) सदस्य १ देखि ६ जना सम्म |

११.२ उक्त पदहरु मध्ये अध्यक्ष, कोषाध्यक्ष वा सचिव पदमा कम्तिमा एक पद महिलाको लागि र १ पद जनजाती/दलितको लागि छुट्याउनु पर्ने छ ।

# परिच्छेद-४

## उपभोक्ता समितिको काम, कर्तव्य अधिकार र कार्य प्रकृया सम्वन्धि

### १२. उपभोक्ता समितिको काम कर्तव्य र अधिकार

१२.१ योजना सम्पन्न गर्न उपभोक्ता समूहवाट गरिनु पर्ने आर्थिक तथा भौतिक जनसहभागिताको व्यवस्था गर्ने । साथै स्थानीय श्रोत, साधन र श्रमशक्तिको अधिकतम परिचालन गर्ने

१२.२ आयोजना स्वीकृत गर्ने निकायसँग नगदको रुपमा सहभागिता गर्नु पर्ने भए नगद उठाई नियमानुसार बैंक खातामा जम्मा गर्ने ।

१२.३ उपभोक्ता समितिको नियमित मासिक वैठक वसी निर्णय पुस्तिकामा अभिलेख राख्ने र सम्वन्धित निकायलाई जानकारी गराउने ।

१२.४ योजना स्वीकृत गर्ने निकायसँग योजना तथा कार्यक्रमको सम्झौता गर्ने ।

१२.५ प्राविधिकसँग परामर्श गरी लगत इष्टिमेट, डिजाइन तयार गरी सम्वन्धित निकायवाट स्वीकृत गराउने ।

१२.६ आय र व्ययको अभिलेख पारदर्शि ढङ्गले राख्ने ।

१२.७ नियमित रुपमा सम्वन्धित निकायले तय गरेको ढाँचामा योजनाको प्रगति पेश गर्ने ।

१२.८ योजनाको सम्झौता अनुसार कार्य योजना वनाई कार्यान्वय गर्ने ।

१२.९ आयोजनावाट प्राप्त हुने प्रतिफल समानुपातिक रुपले उपयोग गर्ने वातावरण तयार गर्ने ।

१२.१० आयोजना विस्तारका लागि सम्वन्धित निकायमा समन्वय गर्ने ।

१२.११ आयोजना सञ्चालनका लागि आवश्यक औजार, सामाग्री आदिको खरिद तथा सुरक्षा गर्ने, आयोजना कार्यान्वयन नगर्दा डोर हाजिरको व्यवस्था गरी अध्यावधि राख्ने ।

१२.१२ मर्मत सम्भारको लागि मर्मत सम्भार कोषको व्यवस्था गर्ने ।

१२.१३ मर्मत सम्भारका लागि सम्वन्धित निकायसँग श्रोत रकम माग गर्ने, उक्त श्रोतको सहि उपयोगको योजना वनाउने ।

१२.१४ आयोजनाको लागत रु.पचास हजार भन्दा वढी रकमको भएमा आयोजना स्थल नजिक सार्वजनिक ठाउँमा सवैले देख्ने गरी अनिवार्य रुपमा होर्डिङ्ग वोर्ड राख्ने । होडिङ्ग वोर्डमा उल्लेख गर्नु पर्ने विषयवस्तु सार्वजनिक लेखा परिक्षण निर्देशिकामा उल्लेख भए अनुसार हुनेछ ।

१२.१५ इलाका गोष्ठी तथा अनुगमन गोष्ठीहरुमा सहभागि भई कार्यक्रम तथा प्रगति विवरण पेश गर्ने ।

१२.१६ आयोजना सम्पन्न पश्चात आयोजनालाई सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

१२.१७ उपभोक्ता समितिलाई नियमानुसार योजना स्वीकृत गर्ने निकायको परामर्शमा सम्वन्धित निकायमा दर्ता वा नविकरण गरी आधिकारीकता प्रदान गर्ने ।

१२.१८ आयोजना खाता राखि अद्यावधिक गर्ने ।

१२.१९ चौमासिक/मासिक रुपमा प्रगति प्रतिवेदन तयार गरी सम्वन्धित निकायमा पेश गरी अभिलेख राख्ने ।

१२.२० प्राविधकद्वारा मध्यावधि तथा अन्तिम मुल्याङ्कन गराउने ।

१२.२१ योजना सञ्चालन गर्दाको अवस्थामा कम्तिमा दुई पटक अनिवार्य सार्वजनिक लेखा परिक्षण गराउने ।

१२.२२ योजना सम्पन्न भए पश्चात स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०५६ को नियम ७१ को उपनियम (च) वमोजिम सम्वन्धित निकायवाट जाँचपास फरफारक गरी योजनाको हस्तान्तरण लिने ।

१२.२३ योजनाको सञ्चालन संरक्षण, मर्मत र सम्भार गर्ने । यसका लागि आवश्यक पर्ने सेवा शुल्कको अग्रिम व्यवस्था गर्ने साथै सेवा उपभोग गर्ने व्यक्ति वा परिवारसँग योजनाको मर्मत सम्भारको प्रयोजनको लागि सेवा शुल्क असुल गर्ने ।

१२.२४ योजनासँग सम्वम्धित स्थानीय निकायले दिएको नीति निर्देशन पालन गर्ने ।

१२.२५ योजना संचालनमा वाधा व्यवधान आएमा उपयूर्क्त सुझाव सहितको सिफारिस सम्वन्धित निकायमा पेश गर्ने ।

१२.२६ आफ्नो समितिको दर्ता, नविकरण, साधारण सभा तथा वार्षिक कार्यक्रम र वजेटको विवरण सम्वन्धित स्थानीय निकायमा पेश गर्ने ।

**१३.उपभोक्ता समितिले योजना सञ्चालन गर्दा ध्यान पुर्‍याउनु पर्ने कुराहरु**

१३.१ उपभोक्ता समितिले सम्वन्धित निकायसँग सम्झौता गरी कार्यान्वयन गर्ने जिम्मा लिएको आयोजना प्रत्यक्ष रुपमा कुनै ठेक्कावाट गराउन पाइने छैन ।

१३.२ उपभोक्ता समितिले आयोजना फरफारक नगरिएको खण्डमा वा काम सन्तोषजनक रुपमा नगरिएको खण्डमा तथा रकम हिनामिना गरिएमा बाँकी किस्ता भूक्तानी रोक्का गर्न सकिने छ वा भविष्यमा पुन उक्त समितिसँग काम पुन नगर्ने गरी सम्झौता रद्ध गर्न सकिने छ र हिनामिना गरेको ठहरिएमा सरकारी वाँकी सरह असुल उपर गरिने छ ।

१३.३ कुनै आयोजनाको कार्यान्वयनको शिलशिलामा डिजाइन भन्दा फरक गर्न पाइने छैन । यदि गर्नु पर्ने कुनै वाध्यतात्मक स्थिती सिर्जना भएमा समितिले समूहको भेला गराई सहमति लिएर फरक गर्नु पर्ने औचित्यको बारे छलफल गरी सम्वन्धित प्राविधिकसँग परामर्श लिई सम्वन्धित निकायवाट स्वीकृत लिएर मात्र फरक काम गर्ने अन्यथा सो कार्यको अभिलेख रहने छैन र त्यस्तो फरक कार्यको भूक्तानी गरिने छैन ।

१३.४ स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०५६ को नियम ७० र ७१ को परिधि भित्र रहेर कार्य सम्पादन गर्ने ।

**१४. जि.वि.स.को कार्यालयवाट उपभोक्ता समितिलाई उपलव्ध हुन सक्ने सेवाहरु**

१४.१ उपभोक्ता समिति गठन गर्दा गठन हुने स्थानमा जिल्ला विकास समितिको प्रतिनिधित्व गराउने ।

१४.२ उपभोक्ता समितिसँग गरिने संझौता पत्रको तयार गरी हस्ताक्षर गरी १ प्रति उपभोक्ता समितिलाई उपलव्ध गराउने ।

१४.३ आयोजनाको लागत इष्टिमेट र डिजाइन तयार गर्ने, स्वीकृत गर्ने र १ प्रति उपलव्ध गराउने

१४.४ आयोजनाको सम्भाव्यता अध्ययन गर्ने/गराउने ।

१४.५ उपभोक्ताहरुवाट हुने जनसहभागिता सुनिश्चित गरी आयोजनाको सम्झौता गर्ने ।

१४.६ आयोजना संचालन अनुदान किस्ता तय गर्ने ।

१४.७ सम्झौता बमोजिम जिल्ला विकास समितिवाट उपलव्ध गराउने रकम नियमानुसार प्रदान गर्ने ।

१४.८ योजनाको प्राविधिकद्वारा स्थलगत भ्रमण गराई कार्य प्रगतिको प्राविधिक मुल्याङ्कन गराउने र सार्वजनिक लेखा परिक्षणमा प्रतिनिधित्व गर्ने/गराउने ।

१४.९ आयोजना कार्यान्वयनका लागि र रेखदेखका लागि आवश्यक प्राविधिक सेवा उपलव्ध गराउने ।

१४.१० आयोजनाको लागि मर्मत सम्भार कोषको व्यवस्था गर्न सहयोग गर्ने ।

१४.११ आयोजना जाँचपास फरफारक गरी हस्तान्तरण गर्ने ।

१४.१२ आयोजनाको अभिलेख राख्ने ।

**१५. उपभोक्ता समितिको अध्यक्षको काम, कर्तव्य र अधिकार**

१५.१ समितिको वैठक बोलाउन लगाउने र वैठकको अध्यक्षता गर्ने ।

१५.२ आयोजना सञ्चालनका लागि समितिको निर्णय अनुसार सदस्यहरुलाई कामको वाँडफाँड गर्ने ।

१५.३ समितिको काम कारवाहीलाई पारदर्शि बनाउन आवश्यक व्यवस्था गर्ने ।

१५.४ योजनाको कार्यान्वयनका लागि अन्य संघ संस्थाहरुसँग समन्वय गर्ने ।

१५.५ समितिको तर्फवाट विभिन्न कार्यक्रममा प्रतिनिधित्व गर्ने ।

१५.६ वैठकमा प्रतिवेदन पेश गर्ने/गराउने ।

१५.७ वैठकमा निर्णय गर्दा मत बराबर भएमा निर्णायक मत प्रदान गर्ने ।

**१६ उपाध्यक्षको काम, कर्तव्य र अधिकार**

१६.१ अध्यक्षको काममा सहयोग पुऱ्याउने ।

१६.२ अध्यक्षको अनुपस्थितीमा अध्यक्षले गर्ने सबै काम गर्ने ।

**१७. सचिवको काम, कर्तव्य र अधिकार**

१७.१ अध्यक्षको सल्लाह र निर्देशन अनुसार समितिको वैठक बोलाउने । वैठकको निर्णय पुस्तिका तयार गरी प्रमाणित गराउने ।

१७.२ समितिसँग सम्वन्धित कागजात, सूचना अभिलेख दुरुस्त राख्ने ।

१७.३ समितिको निर्णयहरु कार्यान्वयन गर्न आवश्यक कार्यहरु गर्ने ।

१७.४ समितिको प्रतिवेदन, प्रस्ताव आदि तयार गर्ने ।

१७.५ समितिले तोकेको अन्य कार्य गर्ने ।

१७.६ आयोजना कार्यान्वयन सम्वन्धमा आवश्यक कार्यहरु गर्ने ।

**१७.१ सहसचिवको काम, कर्तव्य र अधिकार**

१७.१.१ सचिवको काममा सहयोग पुऱ्याउने ।

१७.१.२ सचिवको अनुपश्थितीमा सचिवले गर्ने सम्पुर्ण कार्य गर्ने ।

**१८ कोषाध्यक्षको काम, कर्तव्य र अधिकार**

१८.१ आयोजना सम्वन्धि लेखाको अभिलेख व्यवस्थित रुपमा राख्ने ।

१८.२ आय व्यय सम्वन्धि प्रतिवेदन तयार गर्ने गरी वैठक तथा सार्वजनिक लेखा परिक्षणमा पेश गर्ने ।

१८.३ लेखा सम्वन्धि खातापाता सुरक्षित राख्ने ।

१८.४ आयोजनाको वैंक खाताको सञ्चालनमा सही गर्ने ।

१८.५ आयोजना सम्वन्धि लेखा परिक्षण गराउने ।

**१९ सदस्यहरुको काम, कर्तव्य र अधिकार**

१९.१ समितिले सुम्पिएको जिम्मेवारी वहन गर्ने

१९.२ समितिको वैठकमा उपस्थित भई सक्रियतापूर्वक भाग लिने ।

१९.३ उपभोक्ता सभामा उपस्थित भई सक्रियतापूर्वक भाग लिने ।

## २०. जन सहभागिता

आयोजना सम्पन्न गर्न उपभोक्ता समितिले देहाय अनुसार जनसहभागिता जुटाउनु पर्ने छ ।

२०.१ साधारण माटोको काममा लागत इष्टिमेट रकमको ४० प्रतिशत बराबरको कार्य उपभोक्ता समितिले व्यहोर्नु पर्ने छ ।

२०.२ कडा (ढुङ्गा मिसिएको) माटो कटिङ्गमा लागत इष्टिमेटको २५ प्रतिशत बराबरको कार्य उपभोक्ता समितिले व्यहोर्नु पर्ने छ ।

२०.३ सिचाई योजनाको मर्मत सम्भारमा लागत इष्टिमेटको ३० प्रतिशत बराबरको कार्य उपभोक्ता समितिले गर्नु पर्ने छ ।

२०.४ खानेपानी योजनाको मर्मत सम्भारमा कुल लागत इष्टिमेटको ३५ प्रतिशत बराबरको कार्य उपभोक्ता समितिले गर्नु पर्ने छ ।

२०.५ सडक ग्राभेल, ड्रेन, वाल आदि कार्यको हकमा लागत इष्टिमेटको २० प्रतिशत रकम उपभोक्ता समितिले व्यहोर्नु पर्ने छ ।

७.९.१.६ अन्य भौतिक निर्माणको हकमा लागत इष्टिमेटको ५ देखि २५ प्रतिशत सम्मको रकम बराबरको कार्य उपभोक्ता समितिले व्यहोर्नु पर्ने छ । सो को यकिन योजना सञ्चालन गर्ने सम्वन्धित निकायले आयोजनाको प्रकृति हेरी गर्न सक्ने छ ।

२०.७ अति गरीव, दलित र पिछडिएका वर्गले उपयोग गर्ने आयोजना भए उक्त सहभागितालाई सम्वन्धित निकायले आवश्यकता हेरी घटाउन सक्ने छ ।

२०.८ उपभोक्ता समितिले नगद रकम नै जम्मा गर्नु पर्ने भएमा जम्मा गर्नु पर्ने रकम वैंकमा जम्मा गरी भौचर पेश गरेपछि मात्रै सम्वन्धित निकायले सम्झौता पत्रमा हस्ताक्षर गर्ने छ ।

२०.९ उपभोक्ता समुहमा अति गरीव, विपन्न वा जोखिममा रहेका परिवार छन् भने ती परिवारवाट गराइने जनसहभागितामा उपभोक्ता समितिले सहुलियत दिनु पर्ने छ । तर उक्त आयोजनावाट लाभ हुने लाभ भने उक्त परिवारलाई समान रुपमा नै वितरण गर्नु पर्ने छ ।

२०.१० अति गरीव, विपन्न र जोखिममा परेका परिवारको व्याख्या सम्वन्धित योजना कार्यान्वयन गर्ने निकायले गरे अनुसार हुने छ ।

२०.११ उपभोक्ता समितिले जनसहभागिताका लागि जुटाउनु पर्ने प्रतिशत योजना सँचालन गर्ने निकायले निर्धारण गरे वमोजिम फेरवदल हुन सक्ने छ ।

## २१.आयोजनाको म्याद थप

२१.१ सम्झौतामा निर्दिष्ट गरिएको म्याद भित्रमा योजना सम्पन्न हुन नसक्ने अवस्था सिर्जना भएमा कारण सहित उपभोक्ता समितिले वैठकवाट निर्णय गरी योजना सम्पन्न गर्नु पर्ने मिति भन्दा १ महिना अगाडी म्याद थपका लागि सम्वन्धित निकायमा अनुरोध गर्नु पर्ने छ ।

२१.२ जिविसले म्याद थप माग भएको निवेदन प्रति प्राविधिकद्वारा अनुगमन गराई कारण सहितको प्रतिवेदन लिई उक्त प्रतिवेदनको आधारमा एक पटकका लागि म्याद थप गर्न सक्ने छ ।

२१.३ म्याद थपको अवधि कार्य प्रकृति अनुसार सम्पन्न हुन बाँकी कार्यको प्राविधिक मुल्याङ्कन प्रतिवेदनको आधारमा सम्वन्धित निकायले १ देखि ३ महिना सम्म थप गर्न सक्ने छ ।

२१.४ दैवि प्रकोप वा अन्य भवितव्य परी “२” बमोजिमको म्याद भित्र पनि उक्त योजना सम्पन्न हुन नसकेमा दोश्रो पटकको लागि म्याद थप गर्न वाधा पर्ने छैन ।

२१.५ उक्त थप गरिएको म्याद भित्र पनि आयोजना सम्पन्न गर्न नसकिएमा सम्झौता रद्ध गरि उक्त समितिलाई कालो सूचिमा राखि भविष्यमा उक्त समितिसँग कुनै कारोवार नगर्ने गरी निकसा समेत रोक्का गर्न सकिने छ ।

## परिच्छेद-५

## उपभोक्ता समितिको आर्थिक व्यवस्थापन सम्वन्धि व्यवस्था

**२२. उपभोक्ता समितिले आफ्नो आर्थिक कारोवार निम्नानुसार व्यवस्थापन गर्नु पर्नेछ।**

२२.१ उपभोक्ता समितिको आर्थिक कारोवार उपभोक्ता समितिको निर्णय अनुसार नजिकको पायक पर्ने वैंकमा खाता खोली सञ्चालन गर्नु पर्नेछ ।

२२.२ उपभोक्ता समितिको खाता उपभोक्ता समितिको अध्यक्ष र कोषाध्यक्षको संयुक्त दस्तखतवाट सञ्चालन गर्नु पर्नेछ ।

२२.३ सम्वन्धित निकाय जि.वि.स. वा गा.वि.स.ले चाहेको बखत जुनसुकै बेलामा पनि उपभोक्ता समितिको खाता र वैंक पासवुक जाँचवुझ गर्न सक्ने छ ।

२२.४ उपभोक्ता समितिले आयोजनाको आय व्यय विवरणको अभिलेख व्यवस्थित रुपमा राख्नु पर्ने छ ।

२२.५ आय व्यय विवरण आयोजना सम्पन्न भएपछि सार्वजनिक लेखा परिक्षणमा पेश गर्नु पर्नेछ ।

२२.६ आय व्यय विवरणको प्रतिवेदन सम्झौता बमोजिम र सम्वन्धित निकायमा योजना सम्पन्न भएपछि फरफारकको लागि पेश गर्नु पर्नेछ ।

२२.७ उपभोक्ता समितिलाई प्रशासनिक खर्च गर्न वैठकवाट निर्णय गरी केहि निश्चित रकम किटान गर्न सकिने छ । उक्त प्रशासनिक खर्चको औचित्यको पुष्ट्याई समेत गर्नु पर्नेछ ।

**२३. उपभोक्ता समितिले रकम निकासा लिने कार्य विधि**

२३.१ उपभोक्ता समितिको वैठक वसी कार्य प्रगतिको आधारमा किस्तागत रकम माग गर्ने निर्णय गर्नु पर्दछ ।

२३.२ प्राविधिकद्वारा कार्यको मुल्याङ्कन गराई/मुल्याङ्कन फाराम (निकासा माग पत्रमा) संलग्न गर्नु पर्ने छ ।

२३.३ समितिले रकम माग सम्वन्धि कागजात सम्वन्धित निकायमा निम्नानुसार पेश गर्ने ।

२३.३.१ पहिलो निकासा भए आयोजना सम्झौताको प्रतिलिपि सहित सम्झौतामा उल्लेख गरिए बमोजिमको रकम माग गर्ने ।

२३.३.२ पहिलो किस्ता पछिको रकम निकासा माग गर्दा पहिलो किस्ताको खर्च विवरणको साथै सो को विल भरपाईहरु समेत पेश गर्नु पर्ने छ । विल भरपाई उपभोक्ता समितिको अध्यक्षले प्रमाणित गरेको हुनु पर्नेछ ।

२३.३.४ ज्यामि र मिस्त्री लगाउनु पर्ने कार्यको हकमा डोर हाजिरी फाराम अनिवार्य सम्लग्न हुनु पर्नेछ ।

२३.३.५ दोश्रो किस्ता पछिको रकम माग गर्दा प्रगति र प्राविधिक मूल्याङ्कन संलग्न राखि पेश गर्नु पर्नेछ ।

## परिच्छेद-६

## आयोजना मर्मत सम्भार तथा संचालन र हस्तान्तरण सम्वन्धि व्यवस्था

**२४ आयोजना जाँचपास, हस्तान्तरण**

२४.१ स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०५६ को नियम ७० को उपनियम (ड) बमोजिम उपभोक्ता समितिले सञ्चालन गरेको योजना तथा कार्यक्रमको जाँचपास गराउनु पर्ने छ ।

२४.२ आयोजना जाँचपास फरफारक भई सकेपछि सम्वन्धित निकायवाट उक्त आयोजना सञ्चालन गर्न उपभोक्ता समितिलाई हस्तान्तरण गर्नु पर्नेछ ।

२४.३ योजना सञ्चालन गर्न उपभोक्ता समिति आफैले जिम्मेवारी लिन सक्नेछ । उक्त आयोजनाको संचालन एवम संरक्षणका लागि नया उपसमिति उपभोक्ता समूहवाट खडा गरी जिम्मा दिन पनि सकिनेछ ।

२४.४ उपसमितिको गठन प्रक्रिया उपभोक्ता समिति गठन प्रक्रिया अनुरुप नै हुनेछ ।

**२५ मर्मत सम्भार तथा सञ्चालन सम्वन्धमा**

उपभोक्ता समितिलाई आयोजना हस्तान्तरण भई सकेपछि स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धि नियमावली २०५६ को नियम ७१ को उपनियम (ज), (झ) र (ञ) को परिधि भित्र रहेर उपभोक्ता समितिले योजनाको मर्मत सम्भार एवम सञ्चालनका लागि निम्न कार्य गर्न सक्नेछ ।

२५.१ आयोजना मर्मत सम्भारका लागि आवश्यक व्यवस्था गर्न आयोजनावाट सेवा प्राप्त गर्ने समूह वा व्यक्ति वा परिवारवाट सेवा शुल्क उठाउने व्यवस्था गर्न सक्ने छ ।

२५.२ सेवा शुल्क वापत असुल गर्ने रकमको दर आयोजनाको प्रकृति हेरी लाभान्वित उपभोक्ता समूहको वैठकवाट निर्धारण गरी कार्यान्वयन गर्न सक्ने छ ।

२५.३ उपभोक्ता समितिले योजना सञ्चालन सम्वन्धमा आवश्यक ठानेमा निर्देशिका तयार गरी उपभोक्ता समूहवाट पारित गराई लागु गर्न सक्नेछ ।

२५.४ मर्मत सम्भार वा सञ्चालन कोष खडा गरी सोहि कोषवाट योजनाको मर्मत सम्भार एवम सञ्चालन गर्न सक्नेछ ।

## परिच्छेद-७
## विविध

**२६ संशोधन एवम परिमार्जन**

२६.१ यो निर्देशिकालाई संशोधन गर्न आवश्यक ठानिएमा जिल्ला विकास समितिले संशोधन एवम परिमार्जन गर्न सक्ने छ ।

२६.२ यो निर्देशिकामा उल्लेख गरिएका कुराहरुको हकमा यसै निर्देशिका अनुसार र उल्लेख नभएका हकमा प्रचलित ऐन नियमानुसार हुनेछ ।

२६.३ यस निर्देशिकामा लेखिएका वुँदाहरु प्रचलित स्थानीय स्वायत्त शासन ऐन २०५५ र स्थानिय स्वायत्त शासन नियमावली २०५६ सँग वाझिएको हकमा स्वतः निश्क्रिय हुनेछ ।

**२७ वचाउ र खारेजी**

२७.१ उपभोक्ता समितिवाट योजना एवम् कार्यक्रम सञ्चालन सम्वन्धमा यो निर्देशिका जारी हुनु भन्दा अघि लिइएका नीति एवम् वनाइएका नियमहरु यो निर्देशिका जारी भएको मिति देखि स्वतह खारेज हुने छ ।

२७.२ यो निर्देशिका जारी हुनु भन्दा अघि उपभोक्ता समिति गठन र सञ्चालन सम्वन्धि भए गरेका काम कुराहरु यसै निर्देशिका अनुसार भए गरेको मानिने छ ।